# प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७

(मिति २०७७ साल कार्तिक मसान्तसम्म भएका संशोधनहरु समेत मिलाइएको)

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश, पोखरा ।

# प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।०७।२४

<u>संवत् २०७७ सालको ऐन नं.१४</u>

**<u>गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना:</u>** कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तथा स्वस्थ र स्वच्छ कृषि उपजको उपलव्धता सुनिश्चितता गरी खाद्य सुरक्षाको प्रत्याभूत गर्न गण्डकी प्रदेशमा कृषि व्यवसाय प्रवर्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद -१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अक्सन बजार" भन्नाले कृषि उपज बिक्री गर्ने उद्देश्यले बिक्रेताले आधार मूल्य पहिले नै तोकी क्रेताहरु बीच मूल्य बढाबढका आधारमा खरिद बिक्री हुने बजार प्रणालीलाई सम्झनु पर्छ।

(ख) "अनुदान" भन्नाले सरकारबाट कृषि व्यवसायलाई प्रोत्साहन गर्न तथा कृषिको आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरणका लागि उत्पादन, प्रशोधन, बजारीकरण लगायतमा प्रदान गरिने नगद वा वस्तुगत सहयोग सम्झनु पर्छ।

(ग) "कृषक" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्छ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(घ) "कृषि उत्पादक" भन्नाले कृषि उपज उत्पादन गर्ने कृषक, कृषक समूह, कृषि उद्यमी, फर्म, कम्पनी तथा सहकारी संस्था सम्झनु पर्छ।

(ङ) "कृषि उपज" भन्नाले अनुसूची-१ बमोजिमको उपज सम्झनु पर्छ।

(च) "कृषि बजार" भन्नाले कृषि उपज खरिद बिक्री हुने स्थानलाई सम्झनुपर्छ र सो शब्दावलीले थोक बजार, खुद्रा बजार, हाट बजार, सङ्कलन केन्द्र र अक्सन बजारलाई समेत जनाउँछ।

(छ) "कृषि व्यवसाय" भन्नाले अनुसूची-२ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित व्यवसाय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(ञ) "खुद्रा बजार" भन्नाले बिक्रेताले सोझै उपभोक्तालाई कृषि उपज बिक्री गर्ने बजार सम्झनु पर्छ र सो शब्दले कृषि सुपर मार्केट र मार्ट लगायतका बजारलाई समेत जनाउँछ।

(झ) "चक्लाबन्दी" भन्नाले कृषि योग्य जग्गामा उत्पादन र उत्पादकत्व बढाउन स-साना कित्तामा छरिएर रहेका जग्गाहरुलाई एकिकृत गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) "थोक बजार" भन्नाले बिक्रेताले खुद्रा बिक्रेतालाई कृषि उपज बिक्री वितरण गर्ने बजार सम्झनु पर्छ।

(ठ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा नेपाल सरकारले व्यवसायिक पालनको लागि स्वीकृति दिएको जंगली जीवजन्तु, पन्छी र माछा सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "सङ्कलन केन्द्र" भन्नाले कृषकहरुले कृषि उपज बिक्रेतालाई बिक्री गर्ने प्रयोजनको लागि सङ्कलन गर्ने स्थान सम्झनु पर्छ।

(ण) "हाट बजार" भन्नाले स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले हप्ताको कम्तीमा एक पटक सञ्चालन हुने बजार सम्झनु पर्छ।

परिच्छेद -२

## <u>कृषि व्यवसाय प्रवर्धन सम्बन्धी व्यवस्था</u>

३. **कृषि उपज उत्पादन क्षेत्र तोक्न सकिने:** (१) भूउपयोगको वर्गीकरण तथा प्रदेशको आवश्यकता र स्थानीय सम्भाव्यताको आधारमा मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी प्रदेशभित्र देहाय बमोजिम कृषि उपज उत्पादन क्षेत्र तोक्न सक्नेछ।

(क) खाद्यान्न उत्पादन क्षेत्र,

(ख) बागबानी उत्पादन क्षेत्र,

(ग) पशु उत्पादन क्षेत्र,

(घ) निर्यातमूलक कृषि उपज उत्पादन क्षेत्र,

(ङ) अन्य कृषि उपज उत्पादन क्षेत्र।

(२) उपदफा (१) बमोजिम तोकिएका उत्पादन क्षेत्रहरुमा विशेष सुविधा तथा सहुलियतहरु उपलब्ध गराउन सकिनेछ।

(३) कृषि उपज उत्पादन क्षेत्र तोक्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **कृषि व्यवसाय दर्ता गर्नु पर्ने:** (१) कृषि व्यवसाय सञ्चालनको लागि प्रचलित कानून बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएका व्यवसायहरु मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनुपर्नेछ।

५. **कृषि पूर्वाधार सम्बन्धी कार्यक्रम गर्न सक्ने:** (१) मन्त्रालयले कृषि व्यवसाय प्रवर्धनका लागि आवश्यकता बमोजिम सिँचाई, तन्तु प्रजनन प्रयोगशाला, प्रशोधन केन्द्र, भण्डारण गृह, कृषि बजार,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

चिस्यान केन्द्र लगायतका कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण गर्न वा सो कार्यको लागि इच्छुक निजी क्षेत्र, सङ्घसंस्था, सहकारी तथा अन्य निकायलाई सहयोग गर्न सक्नेछ।

(२) कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

६. **<u>कृषि व्यवसायलाई सुविधा तथा सहुलियत दिन सक्ने:</u>** (१) प्रदेश सरकारले कृषि व्यवसाय प्रवर्धनका लागि देहाय बमोजिम सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछः–

(क) कृषि ऋणमा ब्याज सहुलियत,

(ख) कृषि व्यवसायमा लाग्ने कर छुट,

(ग) अन्य सुविधा तथा सहुलियत।

(२) मन्त्रालयले कृषि उपजको निकासी तथा पैठारीमा कर छुटका लागि समन्वय र सहजीकरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधा तथा सहुलियत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **<u>न्यूनतम समर्थन मूल्य तोक्न सक्ने:</u>** (१) कृषकको न्यूनतम मुनाफा सुनिश्चित गर्दै उत्पादनलाई प्रोत्साहन गर्न र कृषि पेशालाई संरक्षण गर्न नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा मन्त्रालयले आवश्यकता बमोजिम कृषि उपजहरुको न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ।

(२) न्यूनतम समर्थन मूल्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **<u>बिमा सम्बन्धी व्यवस्था:</u>** (१) मन्त्रालयले कृषि व्यवसायमा हुन सक्ने विभिन्न जोखिमबाट क्षति न्यूनीकरण गर्नका लागि कृषि बिमालाई प्रवर्धन गर्नेछ।

(२) बिमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **<u>प्रदेश कृषि व्यवसाय प्रवर्धन समिति:</u>** (१) कृषि व्यवसायको प्रवर्धनका लागि प्रदेशमा देहाय बमोजिमको कृषि व्यवसाय प्रवर्धन समिति रहनेछ।

(क) गण्डकी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोग (कृषि क्षेत्र हेर्ने) को सदस्य -सदस्य

(ग) गण्डकी प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालयको सचिव -सदस्य

(घ) गण्डकी प्रदेश सरकारको उद्योग वाणिज्य क्षेत्र हेर्ने मन्त्रालयको सचिव -सदस्य

(ङ) कृषकहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक महिला सहित तीन जना -सदस्य

(च) मन्त्रालयको पशुपन्छी व्यवसाय प्रवर्धनसँग सम्बन्धित महाशाखाको प्रमुख -सदस्य

(छ) मन्त्रालयको कृषि व्यवसाय प्रवर्धनसँग सम्बन्धित महाशाखाको प्रमुख -सदस्य सचिव

(२) समितिले नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल च्याम्वर अफ कमर्स, गण्डकी प्रदेशका संयोजकहरु लगायतका विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधि लगायतका अन्य विषय तोकिए बमोजिम हुनेछ।

(४) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

(५) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको कार्यकाल दुई बर्षको हुनेछ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्न मन्त्रालयलाई राय परामर्श दिने,

(ख) आवश्यक सीप र प्रविधि प्रवर्धनात्मक कार्य गर्न सघाउ पुऱ्याउने,

(ग) कृषि बजार र कृषि उद्योगलाई आवश्यक मार्ग निर्देशन दिने,

(घ) कृषि व्यवसायको अनुगमन गरी आवश्यक मार्ग निर्देशन दिने,

(ङ) कृषि व्यवसाय प्रवर्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

११. **स्थानीय तह स्तरीय कृषि व्यवसाय प्रवर्धन समिति:** (१) स्थानीय तहले कृषि व्यवसाय प्रवर्धन समिति गठन गर्न सक्नेछ।

(२) सो समितिको काम, कर्तव्य र अधिकार सम्बन्धित स्थानीय तहले तोके बमोजिम हुनेछ।

## परिच्छेद -३

## कृषि बजार सम्बन्धी व्यवस्था

१२. **कृषि बजारको स्थापना तथा व्यवस्थापन :** (१) कृषि उपजको सङ्कलन, भण्डारण र खरिद बिक्री कार्यलाई व्यवस्थित गर्न कृषि बजारको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ।

(२) कृषि बजार स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले बजार प्रकृति अनुरुप तोकिएको मापदण्ड पूरा गरी मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनु पर्नेछ।

तर हाट बजारको हकमा स्थानीय तहको अनुमति लिनु पर्नेछ।

(३) हाल अनुमति लिई सञ्चालनमा रहेका कृषि बजारले यो ऐन जारी भएको छ महिनाभित्र मन्त्रालयले तोकेको निकायमा सूचीकृत हुनु पर्नेछ।

(४) कृषि बजार व्यवस्थापन, दर्ता, नवीकरण, शुल्क र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

तर हाट बजारको हकमा दर्ता तथा नवीकरण शुल्क स्थानीय तहले तोके बमोजिम हुनेछ।

१३. **प्रतिस्पर्धात्मक बजार प्रणाली अवलम्बन गर्नु पर्नेः** (१) कृषि बजार सञ्चालन गर्ने व्यक्ति वा संस्थाले प्रतिस्पर्धात्मक बजार प्रणालीको सिद्धान्त अनुरूप व्यवसायिक क्रियाकलाप गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलाप गर्दा कृषक र उपभोक्ताको हित विपरीत हुने गरी अनुचित प्रभाव पार्ने वा गुमराहमा राख्ने, बजारमा प्रतिकुल प्रभाव पार्ने र मिलेमतो गरी मूल्यमा अस्वभाविक घटीबढी गर्ने गराउने जस्ता अस्वस्थ प्रतिस्पर्धा गर्न गराउन पाइने छैन।

(३) कृषि बजार सञ्चालन गर्ने व्यक्ति वा संस्थाले उपभोक्ता हकहित संरक्षण, स्वस्थ प्रतिस्पर्धा तथा बजार संरक्षण सम्बन्धी अन्य प्रचलित कानून समेत पालना गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

१४. **कृषि बजारको वर्गीकरणः** (१) कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः–

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाट बजार

(घ) सङ्कलन केन्द्र

(ङ) अक्सन बजार

(२) उपदफा (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमको बजार सञ्चालन सम्बन्धी व्यवस्था, शुल्क तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

१५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) कृषि बजार सञ्चालन तथा व्यवस्थापन गर्न दफा १४ को उपदफा (१) को खण्ड (क), (ख), (घ) र (ङ) बमोजिमको बजारमा एक बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -४

## व्यवसायिक कृषि करार सम्बन्धी व्यवस्था

१६. **व्यवसायिक कृषि करारः** (१) व्यवसायीले उत्पादकसँग उत्पादित कृषि उपजको खरीद, बिक्रीको लागि व्यवसायिक कृषि करार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

१७. **कृषि व्यवसायको लागि जग्गा लिज करारः** (१) बाँझो जग्गालाई उपयोगमा ल्याउन तथा कृषिलाई व्यवसायीकरण गर्न कृषि व्यवसायी र जग्गाधनी बीच लिज करार गर्न प्रोत्साहन गरिनेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

१८. **कृषि योग्य जग्गाको चक्लाबन्दी गर्न सकिनेः** (१) कृषि योग्य जग्गाको उत्पादन र उत्पादकत्व बढाउन चक्लाबन्दी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम चक्लाबन्दी गरिएको जग्गा कृषिसँग सम्बन्धित कार्य बाहेकका अन्य कार्यमा प्रयोग गर्न पाइने छैन।

(३) चक्लावन्दी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -५

## अनुदान सम्बन्धी व्यवस्था

१९. **अनुदान उपलब्ध गराउन सक्नेः** (१) मन्त्रालयले कृषि व्यवसाय प्रवर्धनको लागि कृषि व्यवसायीलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उत्पादनमा आधारित अनुदानलाई प्रोत्साहन गरिने छ।

(३) अनुदान वितरण गर्दा साना कृषकलाई प्राथमिकता दिइनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(४) मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिएको अनुदानको अभिलेख मन्त्रालयले राख्नेछ।

(५) अनुदान वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **अनुगमन तथा मूल्याङ्कन**: यस ऐन बमोजिम वितरण भएको अनुदानको प्रदेश सरकारले अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

परिच्छेद -६

## नियमन सम्बन्धी व्यवस्था

२१. **नियमन गर्न सक्ने**: (१) मन्त्रालयले कृषि बजार, बधशाला/बधस्थल, एग्रोभेट, पशु औषधी पसल, कृषि उपजमा बिषादीको अवशेष, पशुको ओसारपसार लगायतका विषयहरुको नियमन गर्न गराउन सक्नेछ।

(२) मन्त्रालयले असल उत्पादन अभ्यासमा आधारित रही उपभोक्तालाई गुणस्तरीय फलफूल, तरकारी, दूध, मासु लगायतका खाद्यवस्तु आपूर्ति गर्न मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(३) नियमन सम्बन्धी कार्यका लागि मन्त्रालयले आवश्यकता बमोजिम निरीक्षक तोक्न सक्नेछ।

(४) नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **परामर्श समिति गठन गर्न सक्ने**: (१) बीउ, बिजन, विषादी लगायतका कृषि र पशुपालन सम्बन्धी प्राविधिक विषयहरुमा प्रादेशिक नीति निर्धारण गर्न र सो सम्बन्धी आवश्यक परामर्श दिन मन्त्रालयले आवश्यकता बमोजिम विषयगत परामर्श समिति गठन गर्न सक्नेछ।

(२) परामर्श समितिमा रहने सदस्य, कार्याविधि, काम र सुविधा मन्त्रालयले गठन गर्दाको बखत तोके बमोजिम हुनेछ।

परिच्छेद -७

## विविध

२३. **कसुर तथा सजाय**: (१) कसैले देहायका कार्य गरेमा देहाय बमोजिम सजाय हुनेछ:-

(क) दफा १२ को उपदफा (२) बमोजिम अनुमति नलिई कृषि बजारको स्थापना र सञ्चालन गरेमा कारोबारको स्तरलाई विचार गरी दश हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा १३ को उपदफा (२) विपरीतको कार्य गरेमा प्रथम पटक भए दश हजार रुपैयाँ, दोश्रो पटक भए पच्चीस हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे पचास हजार रुपैयाँ जरिबाना,

(ग) यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको विपरीत कार्य गर्नेलाई पहिलो पटक भए पाँच हजार रुपैयाँ, दोस्रो पटक भए दश हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे बीस हजार रुपैयाँ जरिबाना।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(२) उपदफा (१) को खण्ड (ग) मा उल्लेख भएका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड वा दफा १२ को उपदफा (२) वा दफा १३ को उपदफा (२) विपरीतको कार्य गरेमा कसुरको गम्भीरता हेरी व्यवसाय बन्द गराउन सकिनेछ।

२४. **मुद्दाको अनुसन्धान तथा सुरु कारबाही र किनारा सम्बन्धी व्यवस्थाः** (१) दफा २३ बमोजिमको कसुर र सजाय सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार जिल्लाको सम्बन्धित कृषि वा पशु क्षेत्र हेर्ने कार्यालय प्रमुखलाई हुनेछ।

(२) जिल्लाको सम्बन्धित कृषि वा पशु क्षेत्र हेर्ने कार्यालय प्रमुखले यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धान गर्न अनुसन्धान अधिकृत तोक्न सक्नेछ।

(३) यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धान तथा सुरु कारबाही र किनारा गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

२५. **पुनरावेदनः** दफा २४ बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

२६. **नियम वनाउन सक्नेः** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२७. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ र त्यस्तो निर्देशिका, कार्यविधि र मापदण्ड मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

२८. **विनियम बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि र मापदण्डको अधीनमा रही कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

२९. **बचाउः** यो ऐन लागु हुनुभन्दा अगाडी प्रदेश सरकार र प्रदेश सरकारको मन्त्रालयबाट जारी भएका निर्देशिका, कार्यविधि एवं मापदण्ड बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

अनुसूची -१

(दफा २ को खण्ड (ङ) सँग सम्बन्धित)

**<u>कृषि उपज</u>**

(क) खाद्यान्नः धान, गहुँ, कोदो, फापर, मकै जस्ता खाद्य वस्तु र प्रारम्भिक प्रशोधन तथा प्याकेजिङ भएको खाद्यवस्तु समेत,

(ख) वागबानी: फलफूल, तरकारी, आलु, मसला, पुष्प, कन्दमुल, आदि,

(ग) बीउ, बेर्ना,

(घ) जीउँदो पशु,

(ङ) पशुजन्य पदार्थः पशुको मासु, रगत, बोसो, पित्त, दूध, अण्डा, हाड, छाला, सिंङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाएको वस्तु,

(च) च्याउ, रेशम, मह,

(छ) नगदेबालीः चिया, कफी, अलैची, सुपारी, कपास, जुट, उखु, रबर, टिंमुर, अदुवा आदि,

(ज) घाँस, हे, साईलेज

(झ) तेलहन, दलहन

(ञ) चीनो, कागुनो, फापर, सिलाम तथा अन्य रैथाने बाली

(ट) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र औद्योगिक प्रयोजनमा उपयोग हुने कृषि वस्तुहरु।

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

अनुसूची -२

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

**कृषि व्यवसाय**

(क) व्यवसायिक उद्देश्यले गरिने कृषि उपज उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, ढुवानी तथा बिक्री वितरण (विद्युतीय कारोबार समेत)

(ख) कृषि उपज बजारको स्थापना तथा सञ्चालन,

(ग) कृषि उपज उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक सामग्रीहरु, मल, विषादी, प्लान्ट हर्मोन उत्पादन, भण्डारण तथा बिक्री वितरण,

(घ) कृषि उपज उत्पादनको लागि प्रयोग हुने बीउ, वेर्ना, नश्ल, विर्य, भ्रुण, चल्ला, भुराको उत्पादन, सङ्कलन भण्डारण तथा बिक्री वितरण

(ङ) पशु उत्पादन सामग्री (दाना, दाना पदार्थ, घाँस, हे, साईलेज, औषधि, हर्मोन, खाद्य योगसील र खोप) को उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण

(च) कृषि तथा पशु उत्पादन प्रविधि सम्बन्धी परामर्श तथा तालिम सेवा

(छ) कृषि तथा पशु सम्बन्धी औजार वा उपकरणको उत्पादन, बिक्री वितरण तथा कस्टम हायरिङ्ग केन्द्र सञ्चालन,

(ज) माटो परीक्षण, बीउ विजन परीक्षण, कृषि उपज परीक्षण तथा बाली संरक्षणसँग सम्बन्धित सेवामूलक क्षेत्र,

(झ) प्राङ्गगारिक खेती, कृषि पर्यटन तथा कृषि वन प्रणालीसँग सम्बन्धित उत्पादन कार्य,

(ञ) पशुको उत्पादन, सङ्कलन, भण्डारण, ढुवानी तथा बिक्री वितरण,

(ट) व्यवसायिक मौरी, रेशम किरा पालन,

(ठ) कृषि सम्बन्धी उद्योग,

(ड) भेटेरिनरी क्लिनिक तथा अस्पताल सम्बन्धी सेवामूलक व्यवसाय।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश